अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ६ संख्या: ५ मिति: २०८०/०३/०१

भाग-२

## चिशंखुगढी गाउँपालिका

चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

**चिशंखुगढी गाउँपालिका, सेर्ना, ओखलढुंगाको गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम कार्यान्वयन कार्यविधि (दोस्रो संशोधन), २०८०**

*पहिलो संशोधन, २०७९ (२०७९/०५/०८)*

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/०२/१९
राजपत्रमा प्रकाशित मिति: २०८०/०३/०१

चिशंखुगढी गाउँपालिका, सेर्ना, ओखलढुंगाको गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम कार्यान्वयन कार्यविधि (दोस्रो संशोधन), २०७८ तथा पहिलो संशोधन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले चिशंखुगढी गाउँपालिकाले देहायका नियमहरू संशोधन गरिएको छ ।

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा,
कोशी प्रदेश, नेपाल
स्था: २०७३

निराजन शर्मा
अध्यक्ष

१. चिशंखुगढी गाउँपालिका, सेर्ना, ओखलढुंगाको गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ मा संशोधनः

| चिशंखुगढी गाउँपालिका, सेर्ना, ओखलढुंगाको गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ मा रहेको तथा संशोधन गर्नुपर्ने विषयहरु: | चिशंखुगढी गाउँपालिकाको गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ मा संशोधन पछि कायम गरिएको विषयहरु: |
| --- | --- |
| अनुसूची १ क.सं. ४<br>शिक्षकको पेशागत तालिम परामर्श (ICT तथा अन्य तालिम) अन्तर्गत विद्यालयका विभिन्न तहका शिक्षकहरूलाई मागमा आधारित (१५ ज़ना) | अनुसूची १ क्र.सं. ४<br>शिक्षकको पेशागत तालिम परामर्श (ICT तथा अन्य तालिम) अन्तर्गत विद्यालयका विभिन्न तहका शिक्षकहरूलाई मागमा आधारित (२० जना) |
| दफा ५ उपदफा ख को पहिलो बुँदा<br>यस गाउँपालिका १ वडाबाट ८ जनाका दरले ८ वटै वडा अन्तर्गत संचालनमा रहेका ४१ वटा सामुदायिक विद्यालयहरूमा अध्ययनरत गरिव जेहनदार वेरोजगारहरुका छोराछोरीहरूलाई तीनको निवेदन, कक्षामा प्राप्त गरेको उत्कृष्ट १० जना भित्र को पास भएको नतिजा सहितको विद्यालयको सिफारिस र वडा कार्यालयको सिफारिसका आधारमा १२८ जना विद्यार्थीहरुलाई रु. ५,०००।- सम्बन्धित विद्यार्थीको खाता मार्फत वा भौगोलिक विपमताको कारण खाता खोल्न नसकेको हकमा नगदै उपलब्ध गराइनेछ । कक्षामा अनुतीर्ण हुने र अनुशासन हीन विद्यार्थीहरुलाई यो सुविधा दिइने छैन । | दफा ५ उपदफा ख को पहिलो बुँदा<br>यस गाउँपालिका १ वडाबाट १६ जनाका दरले ८ वटै वडा अन्तर्गत संचालनमा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा अध्ययनरत गरिब जेहनदार बेरोजगारहरुका छोराछोरीहरूलाई तीनको निवेदन, कक्षामा प्राप्त गरेको उत्कृष्ट १० जना भित्र को पास भएको नतिजा सहितको विद्यालयको सिफारिस र वडा कार्यालयको सिफारिसका आधारमा १२८ जना विद्यार्थीहरूलाई रु. ५,०००।- सम्बन्धित विद्यार्थीको खाता मार्फत वा भौगोलिक विपमताको कारण खाता खोल्न नसकेको हकमा नगदै उपलब्ध गराइनेछ । कक्षामा अनुतीर्ण हुने र अनुशासन हीन विद्यार्थीहरूलाई यो सुविधा दिइने छैन । |
| दफा ५ उपदफा ख को दोस्रो बुँदा<br>कक्षा ११ र १२ मा Staff nurse ,H.A., Pharmacy, Radiography, LAB, Acupuncture, Forestry, Agriculture, अमिन, ICT, Sub-Engineering लगायत प्राविधिक धारको शिक्षा अध्ययन गर्ने गरिब जेहेन्दार वेरोजगारहरुका छोराछोरीहरु र पालिका भित्रका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण गरेकालाई २ वर्षमा जम्मा २ पटक गरी ५० हजार प्रति वर्पका दरले निज विद्यार्थीहरुको निवेदनमा उल्लेख गरिएकै बैंकको खातामा सम्बन्धित वडाको सिफारिसका आधारमा १ लाखका दरले १० जना विद्यार्थीहरूलाई उपलब्ध गराइनेछ । तर दोस्रो वर्ष यो रकम उपलब्ध गराउँदा पहिलो वर्पको परीक्षा उत्तीर्ण गरेको प्रमाण पेश गर्नु पर्नेछ, अन्यथा दोस्रो किस्ता रकम त्यस्ता अनुत्तीर्ण हुने विद्यार्थीहरूलाई उपलब्ध गराइने छैन । | दफा ५ उपदफा ख को दोस्रो बुँदा<br>कक्षा ११ र १२ मा Staff nurse, H.A., Pharmacy, Radiography, LAB, Acupuncture, Forestry, Agriculture, अमिन, ICT, Sub-Engineering लगायत प्राविधिक धारको शिक्षा अध्ययन गर्ने गरिब जेहेन्दार बेरोजगारहरुका छोराछोरीहरु र पालिका भित्रैका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण गरेका २३ जना विद्यार्थीहरूलाई आ. व. २०७९/०८० मा ४३ हजार प्रति वर्पका दरले सम्बन्धित विद्यार्थीहरूको निवेदनमा उल्लेख गरिएकै बैंकको खातामा रकम उपलब्ध गराइनेछ । |

आज्ञाले
लोकमणि खनाल
प्रमुख प्रशासकीय अधिकृत

निराजन शर्मा
अध्यक्ष